भुवन र नीरजको फराकिलो जित



काठमाडौं, चैत २६ (नागरिक)- सूर्य नेपाल गल्फ टुर २०२४-२५ अन्तर्गत छैटौं प्रतियोगिता, सूर्य नेपाल एनपिजिए म्याच-प्लेको पहिलो दिन प्राफेसनल नम्बर एक भुवन नगरकोटी र नम्बर दुई नीरज तामाङले फराकिलो अन्तरको जितमा क्वार्टरफाइनलमा स्थान बनाएका छन्।

डिफेन्डिङ च्याम्पियन दिनेश प्रजापति, धनबहादुर थापा, रवि खड्का, प्रदीपकुमार लामा, तोरणविक्रम शाही र रामे मगरले पनि अन्तिम आठमा स्थान बनाए।

रोयल नेपाल गल्फ क्लबमा मंगलबार भुवनले १६औं वरीयताका पशुपति शर्मालाई ५-४ ले हराए। चार होलअगाडि जित निकालेका उनले अब क्वार्टरफाइनलमा धनबहादुर थापालाई प्रतिद्वन्द्वीको रूपमा भेट्टाएका छन्। आठौं वरीयताका धन र नवौं वरीयताका भुवनकुमार रोक्काबीच कडा प्रतिस्पर्धा चलेको थियो। १७औं होलको समाप्तिसम्म दुवै बराबरीमा थिए। १८औं होल जितेर धनले क्वार्टरफाइनलमा स्थान सुरक्षित गरे।

अर्का खेलाडी नीरजले १५औं वरीयताका सूर्यप्रसाद शर्मालाई सहजै ५-४ ले हराए। चार होलअगाडि पहिलो चरणको खेल जितेका नीरज यो सिजन तेस्रो उपाधि जित्ने दाउमा छन्। नीरजले अब सातौं वरीयताका रामे मगरसँग क्वार्टरफाइनल खेल्नेछन्। रामेले १०औं वरीयताका दीपक मगरलाई ४-३ ले हराए।

डिफेन्डिङ च्याम्पियन तेस्रो वरीयताका दिनेश प्रजापतिले १४औं वरीयताका रमेश अधिकारीलाई ४-३ ले माथ दिए। उनले अब अनुभवी तोरणविक्रम शाहीसँग सेमिफाइनल प्रवेशका लागि खेल्नेछन्। ११औं वरीयताका तोरणसँग छैटौं वरीयताका जयराम श्रेष्ठ ३-२ ले पराजित हुन पुगे।

यसै गरी चौथो वरीयताका रवि खड्काले १३औं वरीयताका टंकबहादुर कार्कीलाई ३-२ ले हराउँदै क्वार्टरफाइनलमा स्थान सुरक्षित गरे। रविले अब १२औं वरीयताका प्रदीपकुमार लामासँग खेल्नेछन्। प्रदीपले पाँचौं वरीयताका सञ्जय लामाविरुद्ध २-१ को अप्रत्याशित नतिजा निकाले।

सन् २०२३-२४ को अर्डर अफ मेरिटको आधारमा १६ प्रोफेसनल गल्फरले प्रतिस्पर्धा गरेका हुन्। प्रतियोगिताको कुल नगद पुरस्कार राशि २ लाख ५० हजार रहेको छ। उपाधि विजेताले नगद ६० हजार प्राप्त गर्नेछन्। यसै गरी दोस्रो हुनेले ४२ हजार, तेस्रो हुनेले ३२ हजार र चौथो हुनेले २४ हजार रूपैयाँ हात पार्नेछन्। क्वार्टरफाइनलमा पराजित हुने चार खेलाडीले ११ हजार रूपैयाँ प्राप्त गर्नेछन्। पहिलो चरणमा पराजित भएका आठ खेलाडीले नगद ६/६ हजार पाउनेछन्।

नयाँ बस्तीको पहिलो विजय

काठमाडौं, चैत २६ (नागरिक)- सहिद स्मारक 'बी' डिभिजन लिगअन्तर्गत मंगलबार नयाँ बस्ती युवा क्लबले पहिलो जित निकालेको छ। अखिल नेपाल फुटबल संघ (एन्फा) मुख्यालय मैदानमा भएको खेलमा वीरगन्ज युनाइटेड क्लबविरुद्ध इन्जुरी समयमा गोल गर्दै नयाँ बस्तीले पहिलो जित हासिल गरेको हो। लिगको पुछारमा रहेको नयाँ बस्तीले तेस्रो स्थानको वीरगन्जलाई १-० ले निराश पार्दा नयाँ बस्तीका लागि श्रीकृष्ण तामाङले गोल गरेका थिए।

नयाँ बस्तीले इन्जुरी समयमा प्राप्त अवसरलाई खेर जान दिएन। राइट साइडबाट जमिन लक्समले दिएको फ्रिकिक क्रसलाई श्रीकृष्णले हेडर गोल गरे। जितसँगै नयाँ बस्ती पाँच खेलमा पाँच अंक जोड्दै आठौं स्थानमा उक्लियो। यो हारबाट वीरगन्जले शीर्ष स्थानका लागि अंकदूरी बढाउने अवसर गुमायो। वीरगन्ज पाँच खेलमा आठ अंक जोड्दै तेस्रो स्थानमा यथावत् रह्यो।

यसअघि दिनको पहिलो खेलमा प्लानिङ ब्वाइजले सरस्वती युवा क्लबलाई ३-० ले पराजित गर्‍यो। जितसँगै प्लानिङ ब्वाइजले पाँच खेलमा १५ अंक जोड्दै शीर्ष स्थानमा यथावत् छ। लगातार तेस्रो पराजय बेहोरेको सरस्वती समान खेलबाट ६ अंकका साथ आठौं स्थानमा छ।

प्लानिङ ब्वाइजलाई जित दिलाउन सुजन डंगोल, सरोज कार्की र फागुराम थारुले गोल गरे।

ठेचो डोजो टिम च्याम्पियन

काठमाडौं चैत २६ (नागरिक)- ठेचो डोजोले मंगलबार सहिद सागर सिंह तथा ज्ञानबहादुर शाही स्मृति कराते प्रतियोगिताको उपाधि जितेको छ। ठेचो सर्वाधिक ५ स्वर्ण, १ रजत र ३ कांस्य जित्दै टिम च्याम्पियन बन्यो।

प्रतियोगिता ललितपुर महानगरपालिकाको सहयोगमा नेपाल सितोरियो कराते डो संघ, प्रयोगपोखरी डोजोद्वारा आयोजना गरिएको हो। प्रतियोगितामा नरहरिपुर डोजो दोस्रो भयो। नरहरिपुरले ४ स्वर्ण, ४ रजत र ३ कांस्य हात पार्‍यो। तेस्रो स्थानको नगदेश डोजोले ४ स्वर्ण, ४ रजत र २ कांस्य हासिल गर्‍यो।

पाटन दरबार स्क्वायरमा भएको प्रतियोगिताको पुरुषमा आयोजक प्रयागपोखरी डोजोका मोहन माझी तथा महिलामा भक्तपुर नगरपालिकाकी सुयोगी गुरुङ उत्कृष्ट खेलाडी घोषित भए। पुरुषमा थिमी डोजोका आयुष लामा तथा महिलामा बंगलामुखी डोजोकी अन्ना तामाङ उदीयमान खेलाडी चुनिए।

विजेतालाई पूर्वमन्त्री मोहनबहादुर बस्नेत, बागमती प्रदेशका सांसद् रामकृष्ण चित्रकार, ललितपुर महानगरपालिका-६ का अध्यक्ष रूपेन्द्रराज शाक्यलगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे।

ई स्पोर्ट्स टोली उज्वेकिस्तानतर्फ

काठमाडौं, चैत २६ (नागरिक)- पब्जी मोबाइल ग्लोबल ओपनमा सहभागी हुन ४ खेलाडीसहित ६ सदस्यीय नेपाली टोली मंगलबार उज्वेकिस्तानको तासकन्द प्रस्थान गरेको छ। अप्रिल १० देखि १४ तारिखसम्म हुने प्रतियोगितामा सुविन प्रजापति (कप्तान), मौसम गुरुङ, दीपेश गुरुङ र अजय श्रेष्ठले प्रतिस्पर्धा गर्नेछन्। टोलीको नाम टिटुके रहेको छ। प्रशिक्षकमा विपुल भट्टराई तथा व्यवस्थापकमा संगीता गुरुङ रहेका छन्। टोलीलाई राष्ट्रिय खेलकुद परिषद्का सदस्य एवं ई स्पोर्ट्स एसोसिएसन नेपालका अध्यक्ष अञ्जन धमलाले मंगलबारै एक कार्यक्रमबीच बिदाइ गरे।

पोखरा अन्तर्राष्ट्रिय म्याराथनबाट १२ लाख बचत

सन्देश श्रेष्ठ
पोखरा, चैत २६

१९औं पोखरा अन्तर्राष्ट्रिय म्याराथनबाट १२ लाख २९ हजार ५११ रूपैयाँ बचत भएको छ। नेपाली अग्रज खेलाडीहरूको छाता संस्था नेपाल भूतपूर्व खेलाडी मञ्चले गत फागुन ३ गते सम्पन्न गरेको पोखरा म्याराथनबाट सो रकम बचत भएको मंगलबार पत्रकार सम्मेलन गरेर जानकारी दिएको हो। प्रतियोगिताबाट ९३ लाख ७० हजार ६८९ रूपैयाँ आम्दानी भएको र ८१ लाख ४१ हजार १७७ रूपैयाँ खर्च भएको मञ्चका कोषाध्यक्ष हरिबहादुर बरुवालले जानकारी दिए।

पोखरा अन्तर्राष्ट्रिय म्याराथनमा बचत भएको सो रकम हालसम्मकै सर्वाधिक भएको आयोजकको दाबी छ। कुनै बेला आर्थिक अभावका कारणका तीन/तीन पटक स्थगित पोखरा म्याराथनले कोभिडपछिका तीन वर्ष घाटा व्यहोरेको थियो।

यस्तै पोखरा म्याराथनको प्रवर्धन, मासिक तथा साप्ताहिक दौड प्रतियोगिता र स्थानीय तहबाट प्रतिभावान् खेलाडी उत्पादन गर्ने उद्देश्यले मञ्चले सुरू गरेको अक्षयकोषमा हालसम्म ३१ लाख ५४ हजार २५६ रूपैयाँ संकलन भएको कोषाध्यक्ष बरुवालले जानकारी दिए। सो अक्षयकोषमा देशविदेशमा छरिएर रहेका मञ्चका आजीवन सदस्य र दिवंगत आजीवन सदस्यका परिवारबाट आफ्ना स्वर्गीय स्वजनको स्मृतिमा रकम प्रदान गरेका हुन्। सो अक्षयकोषमा मञ्चका आजीवन सदस्य तथा डायमन्ड बुद्धिस्ट सेन्टर युकेका अध्यक्ष योगेश गुरुङले रकम प्रदान गरी सुरुवात गरेका थिए।

मञ्चका अध्यक्ष दिलबहादुर गुरुङले पोखरा अन्तर्राष्ट्रिय म्याराथन सफल बनाउन सहयोग गर्ने मुख्य प्रायोजक संस्था सुजल डेरी प्रालि, प्रदेश खेलकुद परिषद् गण्डकी, पोखरा महानगरपालिका, नेपाल पर्यटन बोर्ड, नेपाल ओलम्पिक कमिटी, राष्ट्रिय खेलकुद परिषद्प्रति आभार व्यक्त गरे।

कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८१ साल चैत महिना २७ गते बुधवार)

यस विकास बैंकको शाखा कार्यालय धादिङबेसीबाट तपशिलमा उल्लेखित ऋणीहरुले साधारण कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं। सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्वन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ। साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

तपशिल

१) ऋणीको विवरण

मान बहादुर गुरुङको छोरी रामबहादुर गुरुङको बुहारी अजय गुरुङको पत्नी धादिङ जिल्ला निलकण्ठ न.पा. वडा नं. ५ हाल, वडा नं. ६ बस्ने **कान्छी गुरुङ** (ना.प्र.नं. : २६-०१-७१-०२४५८ जारी मिति र जिल्ला : २०७१/०३/२४, धादिङ)

व्यक्तिगत धनजमानीकर्ताको विवरण

१) कुथुक गुरुङको नाति रामबहादुर गुरुङको छोरा धादिङ जिल्ला सुनौलाबजार वडा नं. ४ हाल, निलकण्ठ न.पा. वडा नं. ६ बस्ने **अजय गुरुङ** (ना.प्र.नं. : २६ १/३५६६३ जारी मिति र जिल्ला : २०६७/०३/०२, धादिङ)

२) विरबहादुर घलेको छोरी तिर्थ बहादुर गुरुङको बुहारी घले गुरुङको पत्नी धादिङ जिल्ला सुनौलाबजार वडा नं. ४ हाल, निलकण्ठ न.पा. वडा नं. ६ बस्ने **दिपा गुरुङ** (ना.प्र.नं. : २६३०२७/२२७ जारी मिति र जिल्ला : २०६३/१०/२०, धादिङ)

२) ऋणीको विवरण

गोपिलाल सुनारको नातिनी राजेन्द्र सुनारको छोरी धादिङ जिल्ला त्रिपुरासुन्दरी वडा नं. ४ हाल, निलकण्ठ न.पा. वडा नं. ३ बस्ने **मनिषा सुनार** (ना.प्र.नं. : २६-०१-७८-००९७३ जारी मिति र जिल्ला : २०७८/०४/१९, धादिङ)

व्यक्तिगत धनजमानीकर्ताको विवरण

१) अम्बर बहादुर वि.क.को छोरी गोपिलाल सुनारको बुहारी राजेन्द्र सुनारको पत्नी धादिङ जिल्ला त्रिपुरासुन्दरी गा.पा. वडा नं. ४ हाल, निलकण्ठ न.पा. वडा नं. ३ बस्ने **राम माया वि.क.** (ना.प्र.नं. : २६३०१४/५६१ जारी मिति र जिल्ला : २०६३/१०/१८, धादिङ)

२) हर्क बहादुर तामाङको छोरी राम लामाको बुहारी प्रविन लामाको पत्नी धादिङ जिल्ला कटुन्जे वडा नं. ४ हाल, निलकण्ठ न.पा. वडा नं. ३ बस्ने **सुनिता तामाङ** (ना.प्र.नं. : २६-०१-७२-०३२०६ जारी मिति र जिल्ला : २०७२/०४/१२, धादिङ)

३) ऋणीको विवरण

चम्पे श्रेत्रीको छोरी डिल बहादुर थापाको बुहारी शंकर थापाको पत्नी मकवानपुर जिल्ला हाँडीखोला वडा नं. ३ हाल, धादिङ जिल्ला निलकण्ठ न.पा. वडा नं. ३ बस्ने **जानुका विडारी** (ना.प्र.नं. : ३१-०१-७२-०५२६७ जारी मिति र जिल्ला : २०७२/०७/२३, मकवानपुर)

व्यक्तिगत धनजमानीकर्ताको विवरण

१) विर बहादुर पौडेलको छोरी डण्ड बहादुर थापाको बुहारी डिल बहादुर थापाको पत्नी धादिङ जिल्ला सुनौलाबजार वडा नं. ७ हाल, निलकण्ठ न.पा. वडा नं. ३ बस्ने **टोप कुमारी थापा** (ना.प्र.नं. : १६९१९ जारी मिति र जिल्ला : २०५३/०९/०७, धादिङ)

२) डण्ड बहादुर थापाको नाति कृष्णबहादुर थापाको छोरा धादिङ जिल्ला सुनौलाबजार वडा नं. ७ हाल, निलकण्ठ न.पा. वडा नं. ३ बस्ने **लालबहादुर थापा** (ना.प्र.नं.: २६१/३५२९० जारी मिति र जिल्ला : : २०६७/०२/१९, धादिङ)

४) ऋणीको विवरण

इन्द्र कुमार भट्टको छोरी खड्क बहादुर खनालको बुहारी हिरा बहादुर खनालको पत्नी धादिङ जिल्ला कुम्पुर वडा नं. ९ हाल, सिद्धलेक गा.पा. वडा नं. ५ बस्ने **गोमा खनाल** (ना.प्र.नं. : २६ १/३९९८८ जारी मिति र जिल्ला : २०६७/०८/२६, धादिङ)

व्यक्तिगत धनजमानीकर्ताको विवरण

१) खड्क बहादुर खनालको नातिनी हिरा बहादुर खनालको छोरी धादिङ जिल्ला सिद्धलेक गा.पा. वडा नं. ५ बस्ने **रोजिना खनाल** (ना.प्र.नं. : २६-०१-७९-११३०९ जारी मिति र जिल्ला : २०७९/१२/२८, धादिङ)

२) कृष्णमान श्रेष्ठको छोरी रुद्रमान श्रेष्ठको बुहारी भिम बहादुर श्रेष्ठको पत्नी धादिङ जिल्ला सिद्धलेक गा.पा. वडा नं. ५ बस्ने **अमृता श्रेष्ठ** (ना.प्र.नं. : २६१/३३०३४ जारी मिति र जिल्ला : २०६६/११/०९, धादिङ)

५) ऋणीको विवरण

बिस्ने कुमालको बुहारी राजेन्द्र कुमालको पत्नी धादिङ जिल्ला मुरलीभञ्ज्याङ वडा नं. २ हाल, निलकण्ठ न.पा. वडा नं. ८ बस्ने **सानु कुमाल** (ना.प्र.नं. : २६३०२९/१७४ जारी मिति र जिल्ला : २०६३/११/०८, धादिङ)

व्यक्तिगत धनजमानीकर्ताको विवरण

१) बाले कुमालको नाति सानु पुर्ण बहादुर कुमालको छोरा धादिङ जिल्ला मुरलीभञ्ज्याङ वडा नं. २ हाल, निलकण्ठ न.पा. वडा नं. ८ बस्ने **बिस्ने कुमाल** (ना.प्र.नं. : टो १/१७१३ जारी मिति र जिल्ला : २०४४/११/१३, धादिङ)

२) बाले कुमालको नाति खुईले कुमालको छोरा धादिङ जिल्ला मुरलीभञ्ज्याङ वडा नं. २ हाल, निलकण्ठ न.पा. वडा नं. ८ बस्ने **राजु कुमाल** (ना.प्र.नं. : २६३०२९/१७७ जारी मिति र जिल्ला : २०६३/११/०८, धादिङ)

६) ऋणीको विवरण

शेर बहादुर गुरुङको छोरी अटल बहादुर तामाङको बुहारी भरत कुमार तामाङको पत्नी धादिङ जिल्ला गंगाजमुना गा.पा. वडा नं. ३ हाल, निलकण्ठ न.पा. वडा नं. ३ बस्ने **रिना गुरुङ** (ना.प्र.नं. : २६१/४२१६४ जारी मिति र जिल्ला : २०६७/१२/२६, धादिङ)

व्यक्तिगत धनजमानीकर्ताको विवरण

१) सेरबहादुर गुरुङको छोरी सार्पटु गुरुङको बुहारी दलबहादुर गुरुङको पत्नी धादिङ जिल्ला गुम्दी वडा नं. ४ हाल, निलकण्ठ न.पा. वडा नं. ३ बस्ने **रोसन्ता गुरुङ** (ना.प्र.नं. : २६१/१३७०८ जारी मिति र जिल्ला : २०६४/०१/२१, धादिङ)

२) कर्ण बहादुर तामाङको नाति सुर्य बहादुर तामाङको छोरा धादिङ जिल्ला दार्खा वडा नं. ९ हाल, निलकण्ठ न.पा. वडा नं. ३ बस्ने **नेत्र बहादुर तामाङ** (ना.प्र.नं. : १/२१७ जारी मिति र जिल्ला : २०५८/१०/११, धादिङ)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौ
फोन: ०१-४५२१८६१/६२/६३

कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी २१ दिने सूचना

सूचना प्रकाशित मिति : २०८१/१२/२७ गतेको नागरिक राष्ट्रिय दैनिक
बोलपत्र पेश गर्ने अन्तिम मितिः २०८२/०१/१६ गते कार्यालय समय भित्र

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलका ऋणीहरुले यस डेभलपमेन्ट बैंकको निम्न शाखा कार्यालयबाट विविध कर्जा शीर्षक अन्तर्गत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना र अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, व्याज, हर्जाना लगायतका अन्य दै-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि २१ (**एक्काइस**) **दिने** सूचना प्रकाशित गरि आह्वान गरिएको छ। तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएकोले सो अवधिमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा बिहानको ११:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ। तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणीको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनानै समावेश गरिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण	जमानीकर्ताको विवरण
१) ऋणीः विकास भट्टराई बाबुको नाम : अक्कल बहादुर भट्टराई बाजेको नाम : इन्द्र बहादुर भट्टराई ठेगाना : बेनीघाट रोराङ्ग-०९, धादिङ् हालको ठेगाना : जोगीमारा-०९, धादिङ्ग ना.प्र.नं. : २६१/२६१६९ जारी मितिः २०५५/०४/१८ जारी गर्ने कार्यालय : जि.प्र.का., धादिङ् **कर्जा लिएको शाखा : मलेखु, धादिङ्ग** **सुरक्षणमा रहेको धितोको विवरण :** श्री मालपोत कार्यालय धादिङ्गमा अकल बहादुर भट्टराईको नाममा दर्ता कायम रहेको जिल्ला धादिङ्ग जोगीमारा -६ज स्थित कि.नं. ४४२ को क्षेत्रफल ४४५.०६ व.मी रहेको घर/जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	**क) नामः अजिता भट्टराई** बाबुको नाम : भिमबहादुर अधिकारी पतिको नाम : अकलबहादुर भट्टराई ससुराको नाम : ईन्द्र बहादुर भट्टराई ठेगाना : जोगीमारा-०९, धादिङ्ग ना.प्र.नं. : २६१/२६५८०, जारी मिति : २०६६/०१/२७ जारी गर्ने कार्यालय : जि.प्र.का., धादिङ्ग **ख) नामः अकल बहादुर भट्टराई** बाबुको नाम : ईन्द्र बहादुर भट्टराई बाजेको नाम : बल बहादुर भट्टराई ठेगाना : बेनीघाट रोराङ्ग -०९, धादिङ्ग हालको ठेगाना : जोगीमारा-०९, धादिङ्ग ना.प्र.नं.:२६६६३-४२/४३, जारी मितिः २०४२/०८/०५ जारी गर्ने कार्यालय : जि.प्र.का., धादिङ्

ऋणीको विवरण	जमानीकर्ताको विवरण
२) ऋणीः सुरज कुमार दास बाबुको नाम : वद्री दास बाजेको नामः मौजे दास कथबनियाँ ठेगाना : तेनुवापट्टी-०१, सिराहा हाल : धनगढीमाई-१०, सिराहा ना.प्र.नं. : १५३०३३/२३२ जारी गर्ने कार्यालय : जि.प्र.का. सिराहा जारी मितिः २०६३/१२/२० **कर्जा लिएको शाखा : लाहान, सिराहा** **जमानीकर्ताको विवरण** **क) नाम : बद्री दास कथबनियाँ** बाबुको नाम : मौजे दास कथबनियाँ बाजेको नामः चेथरु दास ठेगाना : तेनुवापट्टी-०१, सिरहा हाल : धनगढीमाई न.पा.-१०, सिराहा ना.प्र.नं.: १५४७०४७०, जारी मितिः २०४४/१२/०३ जारी गर्ने कार्यालय : जि.का., सिरहा **ख) नाम : वीरेन्द्र दास** बाबुको नाम : बद्री दास कथबनिया बाजेको नामः मौजे दास कथबनियाँ ठेगाना : तेनुवापट्टी-०१, सिरहा हाल : धनगढीमाई न.पा. -१०, सिराहा ना.प्र.नं. : १९५, जारी मिति : २०५९/०१/१७ जारी गर्ने कार्यालय : जि.प्र.का., सिराहा **सुरक्षणमा रहेको धितोको विवरणः** श्री मालपोत कार्यालय लहान, सिरहामा शिवदेवी दासको नाममा दर्ता श्रेस्ता कायम रहेको सिराहा जिल्ला, नैनपुर -५ख स्थित कि.नं. ७९४ को क्षेत्रफल ३३८.६४/०-१-० (व.मि./वि.क.धु) को घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	**ग) नाम : श्रवण कुमार दास** बाबुको नाम : बद्री दास कथबनियाँ बाजेको नामः मौजे दास कथबनियाँ ठेगाना : धनगढी-०२, सिराहा हाल : धनगढीमाई-१०, सिराहा ना.प्र.नं. : १५-०१-६९-००४००, जारी मिति : २०६९/०३/२५ जारी गर्ने कार्यालय : जि.प्र.का., सिराहा **घ) नाम : शिवदेवी दास** बाबुको नाम : सरुप दास पतिको नामः बद्रीदास ससुराको नामः मौजे दास कथबनियाँ ठेगाना : तेनुवापटी-०१, सिराहा हाल : धनगढीमाई न.पा. -१०, सिराहा ना.प्र.नं. : १५३०३३/९८, जारी मिति : २०६३/१२/२२ जारी गर्ने कार्यालय : जि.प्र.का. सिराहा **ङ) नामः सुनिता देवी दास** बाबुको नाम : दुखाई दास पतिको नामः विरेन्द्र दास ससुराको नामः बद्री दास कथबनियाँ ठेगाना : तेनुवापट्टी-०१, सिराहा हाल : धनगढीमाई न.पा. -१०, सिराहा ना.प्र.नं. : १५३०३३/५०२, जारी मिति : २०६३/१२/२३ जारी गर्ने कार्यालय : जि.प्र.का. सिराहा **च) नाम : शिलो कुमारी दास** बाबुको नाम : राज कुमार केथबनियाँ पतिको नामः सुरज कुमार दास ससुराको नामः बद्री दास ठेगाना : धनगढी-०७, सिराहा हाल : धनगढीमाई-१०, सिराहा ना.प्र.नं. : १५३०२२/१०५२, जारी मिति : २०६३/१२/२८ जारी गर्ने कार्यालय : जि.प्र.का., सिराहा

शर्तहरु :

१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयबाट यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९३०७४०१०५०१०१" को SDBL– Other Non-Operating Income" मा रु ५००.००(अक्षेरुपी रु. पाँचसय रुपैंया मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको अधारमा भर्नु पर्नेछ।
३. बोलपत्रदाताले आफूले लिन कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयमा यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९२०६५०१०७०५०१ को "SADBL– Auction Deposit (Lilami)" मा Manager's Cheque, Good For Payment Cheque वा नगदै जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संलग्न गरी यस डेभलपमेन्ट बैंकको सम्बन्धित शाखा कार्यालय वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ।
४. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ। साथैं सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ।
५. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्रदातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले उक्त जानकारी पाए पछि बैंकले तोकेको समय मिति भित्र कबोल गरेको रकममा धरौटी रकम घटाई बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको चल/अचल सम्पत्तिहरु आफ्नो नाँउमा नामसारी गरि लिनुपर्नेछ। सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ।
६. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन। उक्त धरौटी रकममा कुनै ब्याज दिइने छैन।
७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा नै नीहित रहनेछ र अस्वीकृत गर्दा डेभलपमेन्ट बैंकले कुनै पनि कारण खुलाउनुपर्ने छैन।
९. बोलपत्र सदर वा सुरक्षणमा रहेको धितो नामसारी हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ र उक्त धरौटी रकममा कुनै ब्याज समेत प्रदान गरिने छैन।
१०. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ।
११. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु स्वयम् बोलकबोल दाताले व्यहोर्नु पर्नेछ।

नेपाल रिपब्लिक मिडियाद्वारा प्रकाशित तथा मुद्रित, जेडिए कम्प्लेक्स, बागदरबार, काठमाडौं, रजिस्टर्ड नं. १६३/०५४/०५५, फोन : ५३६५१००, फ्याक्स : ५३५२२६२, इमेल : nagarik@nagariknews.com, अध्यक्ष : विनोदराज ज्ञवाली, सञ्चालक : शोभा ज्ञवाली, प्रधान सम्पादक : गुणराज लुइँटेल